# Universal Power Company Limited
# यूनिभर्सल पावर कम्पनी लिमिटेड

## वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति पौष ०९, २०८०**

उपरोक्त सम्बन्धमा यस कम्पनीको पौष ०८, २०८० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा Webinar (Zoom) मार्फत उपस्थित हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

**१. सभा हुने मिति, समय र स्थान :**

**मिति** : पौष २९, २०८० (जनवरी १४, २०२४)

**समय** : दिउँसोको १२:१५ बजे, आइतबार

**स्थान** : कम्पनीको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

(Zoom को ID र Passcode उपलब्ध गराइनेछ ।)

**२. छलफलको विषय :**

**१. साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०७८/७९ र सो भन्दा पहिलेका वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७५/७६ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ग) आ.व. २०७६/७७ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

घ) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७६/७७ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

ङ) आ.व. २०७७/७८ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

च) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

छ) आ.व. २०७८/७९ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

ज) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

झ) आ.व. २०७९/८० को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

ञ) कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.४५ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) चुक्ता पुंजीको ८.५५ प्रतिशत बोनस शेयर जारी गर्ने ।

ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

ग) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३. विविध**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. शेयरधनीले आफ्नो नाम र E-mail Address कम्पनीको E-mail ठेगाना universal2067@gmail.com मा पठाउनु पर्नेछ ।

२. Zoom Meeting को विवरण शेयरधनीले कम्पनीलाई उपलब्ध गराएको E-mail मार्फत सम्बन्धीत शेयरधनीहरुलाई सभा हुनु भन्दा अघिल्लो दिन पठाइनेछ ।

३. Zoom app मार्फत सहभागी हुनका लागि शेयर लगत वा Demat Account मा दर्ता भए बमोजिम आफ्नो नामबाट login गर्नुपर्नेछ ।

४. हाजिरी प्रयोजनको लागि Zoom meeting दिउँसोको १२:०० बजे देखि खुल्ला रहनेछ ।

५. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पूस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति पौष १८, २०८० एक दिन मात्र बन्द रहने छ । शेयरधनी पूस्तिका बन्द भएको अघिल्लो दिन मिति पौष १७, २०८० सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।

६. लेखा परिक्षण प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न सकिनेछ । साथै कम्पनीको वेव साईट www.universalpowercompany.com.np मा पनि हेर्न सक्नु हुनेछ ।

७. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले पौष २७, २०८० गते कार्यालय समय भित्र उक्त प्रोक्सी यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

८. साधारण सभामा आफ्नो जिज्ञासा राख्न चाहनु हुने शेयरधनीहरुले आफ्नो जिज्ञासा साधारण सभा हुने मिति भन्दा २ (दुई दिन) अघि नै E-mail मार्फत पठाउनु पर्नेछ ।

९. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ ।

**संचालक समितिको आज्ञाले**

**(कम्पनी सचिव)**